# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

रामशाहपथ, काठमाडौं, नेपाल

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७४ आश्विन २७ गते)

लोकसेवा आयोगबाट प्राप्त सहमति अनुसार यस कम्पनी लिमिटेड र सो अन्तर्गत रिक्त रहेका देहायका पदहरूमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएका तपसिलको योग्यता पुगेका नेपाली नागरिकले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, एस.एल.सी. वा सो सरह र सो मन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रहरूको स्वयं प्रमाणित प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो र तोकिएको दस्तुर सहित समावेशीतर्फको समूह समेत खुलाई रीतपूर्वक दरखास्त फाराम भरी तोकिएको म्यादभित्र यस कम्पनी लि.को प्रधान कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट समकक्षताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ। आवेदक बहालवाला स्थायी कर्मचारी भएमा कार्यरत संस्थाको विभागीय स्वीकृति समेत पेस गर्नुपर्नेछ। कार्य अनुभव चाहिने योग्यता तोकिएको पदमा आवेदन दिने आवेदकले कार्यरत संस्थामा काम गरेको पद तथा अनुभवको वर्ष खुल्ने प्रमाणपत्रका साथै नियुक्ति पत्रको प्रतिलिपि समेत पेस गर्नुपर्नेछ। रीत नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १/२०७४/७५ | मुख्य व्यवस्थापक | १० | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र वा बाणिज्य कानून मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टड एकाउण्टेन्सी (ICAN को सदस्यता प्राप्त) उत्तीर्ण गरी बीमाको क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव सहित कुनै बैकिङ्ग, बित्त वा बीमा सम्बन्धी संगठित संस्थामा अधिकृतस्तरको पदमा १० वर्षको कार्य अनुभव भएको। |
| २/२०७४/७५ | व्यवस्थापक | ९ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र वा बाणिज्य कानून मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टड एकाउण्टेन्सी (ICAN को सदस्यता प्राप्त) उत्तीर्ण गरी बीमाको क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव सहित कुनै बैकिङ्ग, बित्त वा बीमा सम्बन्धी संगठित संस्थामा अधिकृतस्तरको पदमा ८ वर्षको कार्य अनुभव भएको। |
| ३/२०७४/७५ | सह व्यवस्थापक (चार्टड एकाउण्टेण्ट) | ८ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउण्टेण्ट (CA वा ACCA वा CPA) परीक्षा उत्तीर्ण गरी चार्टड एकाउण्टेण्ट संस्था (ICAN) को सदस्यता प्राप्त र बीमाको क्षेत्रमा काम गर्ने कुनै संस्थामा कम्तीमा २ वर्ष कार्य अनुभव भएको। |
| ४/२०७४/७५ | नायव व्यवस्थापक | ७ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र वा बाणिज्य कानून मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टड एकाउण्टेन्सी (ICAN को सदस्यता प्राप्त) उत्तीर्ण गरी कुनै बैकिङ्ग, बित्त वा बीमा सम्बन्धी संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्षको कार्य अनुभव भएको। |
| ५/२०७४/७५ | सहायक व्यवस्थापक | ६ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित | ४<br>१<br>१<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टड एकाउण्टेन्सी वा सो सरह उत्तीर्ण गरेको। |
| ६/२०७४/७५ | सहायक "ख" | ४ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित<br>अपाङ्ग | १३<br>४<br>३<br>२<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह (+ 2) वा सो सरह उत्तीर्ण गरेको। |

| | | | |
|---|---|---|---|
| १. | **सेवाको किसिम** | : | स्थायी। |
| २. | **तलब, सुबिधा तथा अन्य सेवाका शर्त** | : | नियुक्ति हुँदाका बखत कम्पनी लिमिटेडमा लागू रहेको प्रचलित नियमानुसार हुनेछ। |
| ३. | **उमेरको हद** | : | दरखास्त दिने अन्तिम मितिसम्म तह १० पदका लागि २१ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको। तह ९ पदका लागि २१ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेको। तह-६, ७ र ८ को पदका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका, तह ४ को पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, तर महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको। यस कम्पनी लि.मा कार्यरत स्थायी कर्मचारीलाई उल्लेखित उमेरको माथिल्लो हद लाग्ने छैन। |
| ४. | **परीक्षणकाल** | : | १ वर्ष। महिलाको हकमा ६ महिना। |
| ५. | **परीक्षाको किसिम** | : | लिखित तथा अन्तर्वार्ता हुनेछ। साथै, विज्ञापन न. ४,५ र ६ को लागि कम्प्युटर सीप सम्बन्धी प्रयोगात्मक परीक्षा समेत लिइनेछ। |
| ६. | **दरखास्त फाराम पाइने तथा बुझाउने स्थान** | : | कम्पनी लि.को प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौँ। दरखास्त फाराम यस कम्पनी लि.को website: http//www.rbcl.com.np बाट Download गर्न सकिनेछ। |
| ७. | **दरखास्त बुझाउने अन्तिम म्याद** | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन (२०७४/०७/१६) भित्र र दोब्बर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०७४/०७/२३) भित्र दरखास्त बुझाउन सकिनेछ। |
| ८. | **दरखास्त फाराम दस्तुर** | : | रू. १००/- (एक सय)। यस कम्पनी लि.को website बाट Download गरेको दरखास्त फारामको हकमा समेत सोही बमोजिम शुल्क जम्मा गर्नुपर्नेछ। |
| ९ | **परीक्षा शुल्क** | : | तह-१० पदका लागि रू.१,५००/-(पन्ध्र सय), तह-९ पदका लागि रू.१२००/-(बाह्र सय), तह-८ पदका लागि रू.१,०००/-(एक हजार), तह-६ र ७ का पदका लागि रू. ८००/- (आठ सय) तह ४ को पदका लागि रू. ५००/- (पाँच सय)। |
| १०. | **समावेशी समूहका लागि थप दस्तुर** | : | तह-६ वा सो भन्दा माथिल्लो तहको पदका लागि प्रत्येक समूहमा थप रू.३००/- (तीन सय) र तह ४ को पदका लागि प्रत्येक समूहमा थप रू.२००/- (दुई सय)। |
| ११. | **परीक्षा हुने मिति र केन्द्र** | : | उपरोक्त पदहरूको लिखित परीक्षा लोकसेवा आयोगबाट संचालन हुनेछ। लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ। |

**द्रष्टव्य:**

क) दरखास्त फाराम र परीक्षा सम्बन्धी शुल्क वा दस्तुर कम्पनी लि.को कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं.०१००२००००२८६७०१६ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेस गर्नुपर्नेछ। रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदकको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

ख) तह ६ सहायक व्यवस्थापक, तह ४ सहायक "ख" पदको परीक्षामा सफल हुने उम्मेदवारहरूलाई अन्तिम योग्यताक्रमका आधारमा शाखागत रूपमा छनोट सूची प्रदान गरि नियुक्ति गरिनेछ। सुरू नियुक्ति भएको शाखा कार्यालयमा न्यूनतम ५ वर्ष सेवा गर्नुपर्नेछ।

ग) खुला तथा समावेशीतर्फको लागि एउटै दरखास्त पेस गरे पुग्नेछ। साथै समावेशीतर्फ एक भन्दा बढी समूहमा दरखास्त दिने भएमा समूह अनुसार छुट्टाछुट्टै दस्तुर लाग्नेछ।

घ) उपरोक्त पदहरूको खुला तथा समावेशी समुहको एउटै परीक्षा हुनेछ।

ङ.) दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस कम्पनी लि.को website: http//www.rbcl.com.np मा हेर्न सकिनेछ।

**पुनश्च:**

**समावेशीतर्फका आवेदकहरुले पेस गर्नुपर्ने थप कागजातहरु :**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नुपर्नेछ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नुपर्नेछ।

ग) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा तोकिएको निकायबाट अपाङ्गता प्रमाणित गरेको आधारमा।

घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नुपर्नेछ।

ङ) पिछडिएको क्षेत्रको हकमा हाल कम्पनीमा समेत लागू रहेको राष्ट्रिय बीमा संस्थान कर्मचारी नियमावली, २०५४ को नियम ६(६) स्पष्टीकरण (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको प्रमाण पेस गर्नुपर्नेछ।

**पदपूर्ति समिति**
**राष्ट्रिय बीमा कम्पनी लि.**
रामशाहपथ, काठमाडौं।